# नगर प्रमुख श्री प्रकाश अधिकारीज्यूले नगरसभाको एघारौं अधिवेशनमा गर्नुभएको सम्वोधन

**टोखा नगरपालिका**
**बागमती प्रदेश, नेपाल ।**
**२०७९**

## आ.व. २०७९/८० को नीति तथा कार्यक्रम

नगरपालिकाका उपप्रमुख,

प्रमुख प्रशासकीय अधिकृत,

नगरसभा सदस्यहरू,

नगरसेवक कर्मचारीहरू, पत्रकार एवम् सम्पूर्ण नगरवासी महानुभावहरू,

टोखा नगरसभाको एघारौं अधिवेशनमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु ।

१. टोखा नगरपालिकाको आगामी आ.ब २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ ।

२. यस महत्वपूर्ण घडीमा देशका विभिन्न लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृन्व प्रदान गर्ने अग्रजहरूप्रति सम्मानका साथ उहाँहरूले पुर्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै स्मरण गर्न चाहन्छु ।

३. नेपालको संविधान जारी भएपछि दोश्रो पटक मिति २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा मतदानको प्रकृयामा सहभागी भई टोखा नगरपालिका संचालनको लागि नयाँ जनप्रतिनिधि निर्वाचित गराउनु भएकोमा सम्पूर्ण टोखा नगरपालिकाका मतदाता एवम् आम टोखावासीहरूलाई हृदयदेखि नै आभार व्यक्त गर्दछु । निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय टोखा नगरपालिका, तहाँ खट्ने कर्मचारीहरू, सुरक्षाकर्मी,

पत्रकार, यस प्रकृयामा सहयोग पुर्याउने सम्पूर्ण राजनीतिक दल, संघ-संस्था र आम टोखा नगरवासीमा कृतज्ञता व्यक्त गर्दछु ।

४. स्थानीय जनचाहना अनुसार नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने जनताको सबैभन्दा नजिकको आधारस्तम्भको रुपमा कार्यसम्पादन गर्ने स्थानीय तहले प्रतिस्पर्धात्मक वहुदलिय लोकतन्त्रिक शासन व्यवस्थाको जगलाई थप मजवुद वनाएको छ । नयाँ जनप्रतिनिधिहरू वहाल भएसंगै नगरवासीहरूको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहाना पूरा गर्ने दिशामा अग्रसर हुन थप हौसला मिलेको छ ।

५. गत वर्षहरूमा कोभिड-१९ महामारीबाट उत्पन्न असहज परिस्थितिको सामना गर्नु पर्यो । सो रोगको रोकथाम, नियन्त्रण तथा उपचारको लागि आर्थिक, प्राविधिक र व्यवस्थापकीय सहयोग पुर्याउने नेपाल सरकार, प्रदेश सरकार, सम्पूर्ण संघ संस्था तथा व्यक्तित्वहरू सबैलाई उच्च प्रशंसा एवम् सम्मान व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । भोलीका दिनमा आईपर्ने विपद् तथा संकटहरूमा समेत यहाँहरू सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।

**नगरसभा सदस्यहरू,**

**६. अब म चालु आ.ब २०७८/७९ मा नगरपालिकाबाट भएका मुख्य मुख्य कार्यहरूको समिक्षात्मक विवरण प्रस्तुत गर्न चाहन्छु ।**

## आर्थिक विकास क्षेत्र

७. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत विभिन्न तालिमहरू संचालन गरी नयाँ उद्यमी सिर्जना, विद्यमान उद्यमीको स्तरोउन्नती तथा प्रविधि हस्तान्तरण गरिएको छ । कृषि तर्फ उन्नत तरकारी, वीउवीजन वितरण कार्यक्रम सम्पन्न भएको छ । कौशी खेती, ट्र्याक्टर अनुदानमा वितरण गरिएको छ । मौसमी तथा वेमौसमी तरकारी एवम् फलफुल खेती कार्यलाई संचालन गरिएको छ । चालु आ.व. मा हाल सम्म करिब १००० वटा फलफुलका

विरुवा वितरण गरिएको छ । पशु नश्ल सुधारका लागि आधुनिक पद्दती अनुसार कृतिम गर्भाधान प्रविधिको प्रयोग गरिएको छ। रोग रोकथामका लागि औषधि वितरण गरिएकोछ। नगर भित्रका सहकारी सँस्थाहरूलाई विभिन्न तालिम प्रदान गरिएको छ। कोपोमिस कार्यक्रम कार्यान्वयको चरणमा रहेको छ।

## सामाजिक विकास क्षेत्र

८. नगर भित्रका संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिलाई व्यवस्थित गर्ने प्रयास भएको छ । यूवाहरूको भावनालाई मध्येनजर गर्दै वि डिभिजन, सि डिभिजन क्लवहरूलाई प्रोत्साहन गर्दै वडा तथा नगरस्तरीय खेलकूद गतिविधिहरू निरन्तर रुपमा संचालन गरिएको छ। स्वास्थ्य संस्थाहरूलाई सुधार गरी व्यवस्थित वनाईएको छ। टोखा चण्डेश्वरी प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ। कोभिड -१९ रोकथामका लागि नगरवासीलाई कोभिड-१९ विरुद्धको खोप उपलव्ध गराउनुका साथै बालबालिकाहरूलाई नियमित खोप कार्यक्रम संचालन गरिएको छ । नगरपालिकाले निःशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराउदै आएकोछ। सामुदायिक विद्यालयमा अध्ययनरत सबै किशोरीहरूलाई निः शुल्क स्यानेटरी प्याड उपलव्ध गराईएको छ। मेयर दिघार्यू स्वास्थ्य कार्यक्रम संचालन गरिएको छ। मेयर दिवा खाजा कार्यक्रम निरन्तर रुपमा संचालन भएको छ। उपमेयर संग बालबालिका कार्यक्रम मार्फत विद्यार्थीको स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिएको छ। वडा नं. ६ र ११ मा नयाँ सामुदायिक विद्यालयहरू थप गरिएको छ। सामुदायिक विद्यालयहरूमा स्काउटका कार्यक्रमहरू संचालन गरिएको छ । नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको दरवन्दी मिलान गरिएको छ। नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षा (मन्टेश्वरी) संचालन गरिएको छ। नगरपालिकाका ४ वटा सामुदायिक विद्यालयहरूमा एक विद्यालय एक नर्स कार्यक्रम लागू गरि उक्त विद्यालयमा सबै विद्यार्थीहरूको स्वास्थ्य परिक्षण नियमित रुपमा संचालन गरिएको छ । मेयर/ उपमेयर कप खेलकूदको आयोजना गरिएको छ । वि डिभिजन फुटवल प्रतियोगितामा सहभागी हुन टोखा नगरपालिकाको वि डिभिजन क्लव भगवति क्लवलाई सहयोग उपलव्ध गराईएको छ। विभिन्न वडाहरूमा व्यायामशाला तथा खेलकूद मैदान निर्माण गरिएको छ।

## पुरातात्विक धार्मिक तथा सांस्कृतिक सम्पदा

९. नगर भित्रका पुरातात्विक,धार्मिक,सास्कृति र पर्यटकीय सम्पदाको अध्ययन प्रतिवेदन तयार गरिएकोछ।

नगर भित्रका मन्दिर पाटीपौवाहरू मर्मत सम्भार,पुन निर्माण र नव निर्माण गरिएको छ। सास्कृतिक पर्व संरक्षणका लागि वाजागाजा र अन्य सामाग्रीहरू खरिद गरि उपलव्ध गराईएको छ।

## भौतिक पूर्वाधार विकास क्षेत्र

१०. नगरभित्र सडक, पुल, सामुदायिक भवन, खानेपानी संरचना, ढल निर्माणका, नदी नियन्त्रणका लागि वाल निर्माण, सडक वत्ती, सिसिक्यामेरा जडान, कार्यलाई तिव्रताका साथ संचालन गरिएकोछ। वडा नं. ९ र ११ को वडा कार्यालय भवन निर्माण सम्पन्न गरी संचालनमा आएको छ भने वडा नं. २ ,६ र कार्यालयको प्रशासनिक भवन निर्माण कार्य तिव्रताको साथ भै रहेकोछ। विद्युत, टेलिफोन तथा ईन्टरनेटको तार भूमिगत गर्ने कार्यको लागि पहल गरिएकोछ।

## वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

**११.** नगरभित्रका विभिन्न वडाका घरपरिवारहरूलाई कुहिने र नकुहिने फोहोर छुट्याउन डष्टवीन वितरण गरी प्रयोगको तरिका वारे तालिम प्रदान गरिएकोछ। जनप्रतिनिधि,कर्मचारी,संघसंस्था र नगरवासीको सहभागिताका नगर सरसफाई कार्यक्रम संचादन हुँदै आएकोछ। विपद् रोकथामका लागि सामाग्रीहरू वितरण गरिएकोछ।

## संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र

१२. न्यायीक समितिले नियमित रुपमा आफ्नो काम कारवाही कानुनको परिधिभित्र रहि सम्पादन गरेको छ। कार्यालयका कागजातहरूको व्यवस्थापनको लागि विद्युतिय दर्ता चलानी प्रणाली शुरुवात गरिएको छ। चिनको तिब्बत स्थित नाग्छु शहरसंग भगिनी सम्वन्ध स्थापना गरिएको छ। आवधिक योजना निर्माणको अन्तिम चरणमा रहेको छ। अघिल्ला आ.व. हरूमा महालेखा परीक्षकको कार्यालयबाट औंल्याईएका वेरुजुहरूको फछर्यौट दर उच्च रहेको छ। विकास निर्माणमा संलग्न स्थानीय उपभोक्ता/ सहयोगी संस्था तथा व्यक्तिहरूलाई सम्मान गरिएको छ। सडकपेटी अतिक्रमण गरि राखेका ठेलागाडा, तरकारी तथा फलफुल पसलहरूलाई सम्झाई बुझाई गरि हटाउने तथा नियन्त्रण गरि जरिवाना गरिएको छ। टोखा

नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न विधाका विज्ञ, वुद्धिजीविहरूसंग टोखा नगरपालिकाको समग्र विकास सम्बन्धी सुझाव सल्लाह आदान प्रदान गरिएको छ । अव्यवस्थित वसोवासी, भुमिहिन दलित तथा सुकुम्वासीको विवरण संकलन कार्यको शुरुवात गरिएको छ । आर्थिक कारोवारको लेखाङ्कन र भुक्तानीमा सूत्र (SuTRA) प्रणालीको पूर्ण रुपमा प्रयोग गरिएकोछ । राजस्व संकलनमा सफ्टवेयर प्रणालीको पूर्ण रुपमा प्रयोग गरिएकोछ। प्रत्येक आयोजना तथा कार्यक्रमहरू वडास्तरीय तथा नगरस्तरीय अनुगमनबाट अनुगमन गर्ने व्यवस्थालाई अनिवार्य गरिएकोछ ।

१३. माथि उल्लेखित आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि चालु आ.ब.को जेठ मसान्त सम्म कूल आम्दानी रु १ अर्व ८७ करोड २१ लाख ४ हजार ७०३ रुपैयाँ पैसा ७ मात्र भएको र व्यय तर्फ रु ९२ करोड ५ लाख ८३ हजार ३२९ रुपैयाँ पैसा ५५ मात्र खर्च भएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

**नगरसभा सदस्यहरू,**

१४. नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, प्रचलित कानुनी व्यवस्था, बजेट तर्जुमा दिग्दर्शन, अघिल्लो आ.व.को नीति, कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था, चुनावी घोषणापत्र, टोखा नगरपालिकाको मौलिक विशेषता र स्थानीय वासीहरूको आकाङ्क्षा, राजनैतिक दल, विषयविज्ञ, बुद्धिजिवी वर्ग र नागरिक समाजबाट प्राप्त सुझावहरू, विषयगत समितिको सिफारिस समेतको आधारमा टोखा नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

१५. अब म टोखा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक विकास–

### क. कृषि तथा पशु सेवा

१ कृषि र गैह्र कृषि भूमिको वर्गीकरण गरिनेछ । कृषियोग्य भूमिमा निजी फर्म तथा सहकारी प्रणाली मार्फत खेती गर्न जोड दिइनेछ ।

२ कौसी खेती, करेसाबारी तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै कृषकहरूलाई उचित तालिम, अनुदान एवम् उन्नत बिउ बिजन र उपकरण लगायतका सामाग्रीहरू उपलव्ध गराइनेछ ।

३ माटोको अम्लियपना एवम् कृषि उपजमा विषादीपनाको परीक्षण गरिनेछ । नगरपालिका क्षेत्रभित्र उत्पादनको सम्भावना रहेका मौसमी/बेमौसमी तरकारी तथा फलफुल खेतीलाई प्रोत्साहन गरिनेछ ।

४ नगरपालिका क्षेत्रभित्र कृषि उत्पादन संचयको लागि स्थानीय कृषि तथा वहुउद्येश्यीय सहकारी सँगको सहकार्यमा कृषि उपज संकलन तथा विक्री वितरण केन्द्र स्थापना गरिनेछ ।

५ पशुहरूमा लाग्ने महामारी रोगहरूको विरुद्ध नियमित खोप (HS,BQ, FMD, PPR र Anti-Rabies, आदि) नि: शुल्क रुपमा लगाइनेछ ।

६ छाडा मनुमित्रहरूको उचित बन्ध्याकरणको प्रवन्ध गर्दै घरपालुवा कुकुरहरूलाई सार्वजनिक स्थलमा दिशा पिसाव गराउने तथा घरपालुवा पशु छाडा छाड्ने व्यक्तिलाई दण्डित गरिनेछ ।

७ नगरपालिकामा भएका पशु व्यावसाय सम्बन्धी फर्महरूको अभिलेखीकरण कार्यलाई निरन्तरता दिदै पशु नश्ल सुधारका लागि आधुनिक पद्धति अनुसार कृतिम गर्भाधान प्रविधिको प्रयोग गरिनेछ ।

८ पशुपालन स्थल र पशु वधस्थलहरूलाई स्वस्थ एवम् वातावरणमैत्री ढंगले सञ्चालन गराइनेछ । सोको नियमित अनुगमन गर्दै मासुजन्य तथा दुग्धजन्य पसलहरूको गुणस्तर अनुगमन गरिनेछ ।

**ख पर्यटन क्षेत्र**

९ बौडेश्वरको एकीकृत विकासको बाँकी कार्यलाई गुरुयोजना बमोजिम सम्पन्न गरिनेछ ।

१० टोखा नगरपालिकाको अनुपम प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भावनाको उपयोग गरी टोखालाई आकर्षक, रमणीय, पर्यटकीय गन्तव्यको रुपमा विकास

गर्न ट्रेकिङ रुट, बनभोजस्थल, साईक्लिङ मार्ग, होमस्टे, फनपार्क लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

११ नगर क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, पौराणिक मठमन्दिर, पाटी पौवाको मर्मत, निर्माण र संरक्षण गरिनेछ ।

१२ झोरमहाँकालको जलेश्वरमा बुद्धमूर्ति स्थापना तथा गुम्वा निर्माण गरिनेछ ।

१३ पर्यटकीय स्थलहरूको विवरण समेटिएको जानकारीमूलक हाते पुस्तिका प्रकाशन र वितरणको प्रवन्ध गरिनेछ ।

१४ नगरपालिकाभित्रका महत्वपूर्ण पर्यटकीय स्थलहरूको राष्ट्रिय टेलिभिजन मार्फत प्रचार प्रसार गरिनेछ ।

## ग सहकारी

१५ नगरपालिकामा रहेका सहकारीहरूको विकास गर्दै एकीकरणको लागि प्रोत्साहन गरिनेछ । प्रत्येक सहकारी संस्थामा वर्षमा कम्तीमा एकपटक अनिवार्य रुपमा सघन/साधारण अनुगमन गरी नियमनलाई सुदृढ गरिनेछ ।

१६ सबै सहकारी सँस्थाहरूमा सहकारी व्यवस्थापन, लेखापालन र गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) लागू गरी सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन गर्न लगाइनेछ ।

१७ उत्पादन र रोजगारीलाई सहकारीसंग आबद्ध गराई उत्कृष्ट सहकारीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ । उपभोक्ता भण्डार सहकारी संस्था स्थापना गरी सर्वसूलभ र गुणस्तरीय वस्तुको विक्रीलाई प्राथमिकता दिइनेछ ।

१८ सहकारी संघ/संस्थासंगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना गरिनेछ।

## घ उद्योग तथा वाणिज्य

१९ लगानीमैत्री वातावरण सिर्जना गर्दै **उद्यमीको हात नगरको सदैव साथ** को नीति लिदै उद्योग स्थापना/ संचालनको सम्भाव्य क्षेत्र पहिचानका लागि सरोकारवाला उद्योग व्यावसायीको सहभागितामा सम्मेलन गरिनेछ ।

२० लघु उद्यम विकास कार्यक्रमलाई आगामी आ.व. मा निरन्तरता दिदै नगरवासीको सीप विकास गरी स्वरोजगार र आत्मनिर्भर वनाइनेछ।

२१ तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गरिनेछ।

२२ कालोबजारी, एकाधिकार, कृतिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै व्यापारमा स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्न नियमित ढंगले बजार अनुगमन गरिनेछ।

२३ टोखा नगरपालिकाको मौलिक एवम् प्राचिन अल्कोहल पदार्थ (ऐला, छयाङ आदी) को नियमानुसार ब्राण्डिङ गरि निर्यात गर्न पहल गरिनेछ।

२४ अध्ययन, रोजगारी तथा व्यावसायको सिलसिलामा नगरवाहिर स्वदेश/विदेशमा रहेका टोखा नगरवासीको ज्ञान, सीप, अनुभव, प्रविधि र पुँजीलाई उद्यम व्यावसाय संचालनमा उपयोग  गरिनेछ।

२५ दैनिक जीवनयापनमा आवश्यक पर्ने वस्तुहरू (खादा, किचन सुज, ढाका बुनाई, हस्तकलाका सामाग्री, सेनेटरी प्याड, पर्स, अचार, धूप आदि) उत्पादनका लागि सीपमूलक तालिम संचालन गरि उद्यम व्यावसायलाई प्रेरित गरिनेछ।

२६ चाकुको लागि प्रख्यात यस टोखा नगरपालिकाको वडा नं.  २ र ३ को पहिचानलाई जीवन्त राख्दै राष्ट्रिय/अन्तराष्ट्रियस्तरमा **टोखाको चाकु** लाई ब्रान्डिङ गरिनेछ।

२७ प्लम्बिङ, ईलेक्ट्रिकल, फेसन डिजाईन, बुटिक, ईन्टेरियर डिजाईनिङ जस्ता सीपमूलक कार्यक्रम संचालन गरिनेछ।

## २. सामाजिक विकास

### क शिक्षा

२८ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम संचालनको लागि वहु-प्राविधिक विद्यालय स्थापना गरिनेछ। प्राविधिक कक्षा संचालन गर्न इच्छुक सामुदायिक विद्यालयहरूलाई  आवश्यक सहयोग उपलव्ध गराइनेछ।

२९ आवश्यकताको आधारमा नयाँ विद्यालय खोल्ने, स्तरवृद्धि गर्ने, एकीकरण गर्ने, स्थानान्तरण गर्ने, रुपान्तरण गर्ने, कक्षा थप गरिनेछ ।

३० सामुदायिक विद्यालयमा कक्षा ७-१० मा अध्ययनरत बालबालिकाहरूको लागि **मेयर दिवा खाजा कार्यक्रम** लाई निरन्तरता दिइनेछ ।

३१ बाबुआमा विहीन कमजोर आर्थिक अवस्था भएका बालबालिकाहरूलाई सामुदायिक विद्यालयमा माध्यामिक तहसम्म निःशुल्क अध्यापन गराइनेछ ।

३२ विद्यालय सञ्चालन, नियमन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी वनाइनेछ । संस्थागत विद्यालयको शुल्क तथ्याङ्क ,छात्रवृत्ति , (IEMIS), लेखा परीक्षण र अध्यावदिकतालाई नियमित गराइनेछ ।

३३ नगरपालिकाभित्र रहेका संस्थागत विद्यालयहरूसंग आवश्यक समन्वय गरी लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नको लागि छात्रवृत्ति कोष स्थापना गरिनेछ ।

३४ नीजि विद्यालयहरूलाई सामुदायिक विद्यालयसँग गुणस्तरीय शिक्षाका लागि सहकार्य गर्न उत्प्रेरित गरिनेछ ।

३५ बालबालिकाले विचैमा विद्यालय छोडने र कक्षा दोहोर्‍याउने कारण पहिचान गरी सो कार्यलाई अन्त्य गर्न विद्यालय निरन्तरता कार्यक्रम संचालन गर्ने तथा सामुदायीक विद्यालयमा अध्ययनरत कमजोर विद्यार्थीलाई लक्षित गरी निःशुल्क रुपमा अतिरिक्त कक्षा पढाउने व्यवस्था मिलाइनेछ ।

३६ हाल सञ्चालनमा रहेका सामुदायीक पुस्तकालय तथा सामुदायिक सिकाई केन्द्रको सुधार गर्दै प्रत्येक वडामा सामुदायिक सिकाई केन्द्रको स्थापना गर्दै लगिनेछ । सबै सामुदायिक विद्यालयहरूमा स्काउटका कार्यक्रम सञ्चालन गरिनेछ । संस्थागत विद्यालयहरूलाई स्काउटका कार्यक्रमहरू सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

३७ स्थानीय भूगोल, सम्पदा, पहिचान, आर्थिक, सामाजिक, भाषा, संस्कृति तथा परम्परालाई सम्वर्धन र जगेर्ना गर्दै नैतिक तथा मानव मूल्य शिक्षा समावेश गरी

स्थानीय पाठ्यक्रम लागू गरिनेछ। नेपाल भाषाको पाठ्यक्रम वडा नं. २ र ३ का विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म पठन पाठनको व्यवस्था गर्न पहल गरिनेछ।

३८ विद्यार्थीहरूको प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलापहरू आयोजना गरिनेछ।

३९ नगर क्षेत्रभित्र सञ्चालित विभिन्न किसिमका शैक्षिक संस्थाहरूको विवरण अद्यावधिक गरी प्ररभावकारी अनुगमन, नियमन गरिनेछ।

४० विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि **शैक्षिक गुणस्तर मापदण्ड** तयार गरी उत्कृष्ठ नतिजा ल्याउने विद्यालयहरूलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४१ वालविकास केन्द्रहरूको सुदृढीकरण गर्दै लगिनेछ।

४२ नगर क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात अनुसार विषयगत तथा तहगत रुपमा दरवन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ।

४३ टोखा नगरपालिकाभित्र रहेका कला, साहित्यको संरक्षण, सम्वर्द्धन र विकासको लागि कला तथा साहित्य प्रतिष्ठान स्थापनाको लागि आवश्यक कानुन र संरचना निर्माण गरिनेछ।

## ख लैङ्गिक समानता र सामाजिक समावेशीकरण

४४ लैङ्गिक हिंसा, शोषण, मानव वेचविखन, विभेद तथा दुर्व्यवहारविरुद्ध **शुन्य सहनशिलता**को नीति अवलम्वन गर्दै विभिन्न सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ। लैगिंक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि **तत्काल स्थानीय उद्धार तथा राहत** समितिलाई निरन्तरता दिइनेछ।

४५ लैङिगक हिंसा,वालविवाह, वहुविवाह, दाईजो, वोक्सी, छाउपडी, छुवाछुत जस्ता सामाजिक कुरीति तथा कुप्रथा अन्त्य गरी बालबालिका, अपाङ्ता भएका

व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिला, दलित तथा किशोरीहरूको हक अधिकार सुनिश्चित गरिनेछ।

४६ उत्पिडन, जातिय विभेद तथा छुवाछुत जस्ता सामाजिक कुप्रथाको अन्त्य गरी दलित समुदायको सशक्तीकरण तालिम कार्यक्रम संचालन गरिनेछ।

४७ नगरपालिकाको उपयुक्त स्थानमा बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक विश्रामस्थल, अशक्त स्याहार केन्द्र निर्माण गरिनेछ।

४८ बालमैत्री स्थानीय शासनका पूर्वाधारहरू पूरा गरी बालमैत्री स्थानीय तह घोषणा गरिनेछ। कार्यालयमा स्तनपान कक्ष निर्माण गरिनेछ।

४९ हिंसा पिडित व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, मनोरञ्जन क्षेत्रका श्रमिक महिलाहरूको लागि आपतकालीन कोषको व्यवस्था गरिनेछ। बाल श्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गरिनेछ।

५० **टोखा नगरपालिकाको सरोकार : महिलालाई अवसर र अधिकार** भन्ने मान्यतालाई अंगीकार गर्दै महिलाहरूलाई उत्पादनमूलक व्यावसायमा लगाइनेछ। उत्पादित वस्तुहरूको प्रदर्शनी तथा बजारीकरणको लागि व्यवस्था मिलाइनेछ।

५१ नगरपालिकाबाट गठन हुने विभिन्न समिति/उप-समिति/कार्यदल गठन गर्दा महिला सहभागिता कायम गरी निर्णय प्रकृयामा समावेश गराइनेछ।

५२ लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट परीक्षण गरी सो को आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ।

५३ उपभोक्ता समिति गठन गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गरिनेछ ।

५४ आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको आर्थिक उत्थानमा १० प्रतिशत भन्दा वढी लगानी गरिनेछ।

५५ दलित, उत्पिडीत वर्ग/समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा रोजगारीका क्षेत्रमा सक्रिय सहभागी गराउन एकीकृत रुपमा व्यावसायीक तथा पुर्ख्यौली पेशा सम्बन्धी सीपमूलक तालिम, प्रशिक्षण, सशक्तिकरणका कार्यक्रमहरू संचालन गरिनेछ ।

५६ नगरपालिकाभित्रका ८० प्रतिशत भन्दा वढी घरधुरीलाई टोल विकास संस्थामा आवद्ध गराइनेछ।

**ग.युवा तथा खेलकुद**

५७ **युवाको जाँगर समृद्ध नगर** अभियानमा जोड्न नगरका विभिन्न कार्यक्रमहरूमा युवाहरूलाई परिचालित गरिनेछ । समुदायस्तर देखि नै खेलकूदका गतिविधिहरूलाई निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ।

५८ **मेयरकप खेलकुद** को आयोजनालाई निरन्तरता दिइनेछ। नगरभित्र थप खेलकूद मैदान निर्माण गर्दै विद्यमान खेलकूद मैदान, व्यायामशाला तथा ध्यानकेन्द्रहरूको स्तरोन्नती गरिनेछ।

५९ युवालाई लागुपदार्थ दुर्व्यसनबाट जोगाउनको लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। दुर्व्यसनमा फसेकालाई पुर्नस्थापनाका लागि पुर्नस्थापना कोष खडा गर्दै सम्बन्धित निकायसंग पुर्नस्थापनामा समन्वय गरिनेछ।

६० नगर क्षेत्र भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरूलाई सम्मान गरिनेछ।

**घ. स्वास्थ्य**

६१ नगर भित्रका स्वास्थ्य केन्द्रहरूमा भवन, उपकरण लगायतका पूर्वाधारको यथोचित प्रबन्ध गरिनेछ।

६२ केन्द्र सरकारबाट प्रदान गरिने नि:शुल्क औषधिहरूका अलावा नगरपालिकाबाट समेत थप औषधिहरू नि:शुल्क उपलव्ध गराइनेछ।

६३ विद्यालयमा अध्ययनरत छात्राहरू महिनावारी हुदाँ निःशुल्क सेनेटरी प्याड उपलव्ध गराउन प्रत्येक विद्यालयमा भेण्डिङ मेसिन र डिस्पोजल मेसिन उपलव्ध गराइनेछ।

६४ स्वास्थ्य सेवामा लगानी, स्वास्थ्य क्षेत्रमा पुर्नसंरचना, गुणस्तर सुधार र सेवा विस्तार कार्यलाई निरन्तरता दिइनेछ।

६५ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूको दर्ता कार्यको प्रारम्भ गरी सेवा प्रवाहको अनुगमन गरिनेछ।

६६ **मेयर दीर्घायु कार्यक्रम** लाई निरन्तरता दिई थप प्रभावकारी वनाउदै ६० वर्षभन्दा माथिका सबै टोखावासीहरूको सुगर, RFT, ECG निःशुल्क जाँच गरिनेछ।

६७ **उपमेयर संग बालबालिका** कार्यक्रम संचालन गरी विद्यालय तहका बालबालिकाको निःशुल्क स्वास्थ्य परिक्षण र आधारभूत उपचारको प्रवन्ध गरिनेछ।

६८ **महिलासंग उपमेयर** कार्यक्रमलाई निरन्तरता दिइनेछ। गर्भवती तथा सुत्केरीलाई नि:शुल्क एम्वुलेन्स सेवा र प्रजनन स्वास्थ्य प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरू सन्चालन गरिनेछ।

६९ खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ। संक्रामक रोगहरू र महामारी रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि कोष खडा गरी कार्यक्रम संचालन गरिनेछ।

**ङ. संस्कृति प्रवर्द्धन**

७० ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको मर्मत,पूनर्निर्माण र संरक्षण गरिनेछ।

७१ स्थानीय जात्रा तथा सांस्कृतिक पर्वहरूको व्यवस्थापनको लागि कोषको व्यवस्था गरी नियमित रुपमा संचालन हुने व्यवस्था मिलाइनेछ।

७२ **टोखा साँस्कृतिक संरक्षित क्षेत्र** भित्र प्राचिन शैलीको घर निर्माणमा प्रोत्साहन गर्न प्राचिन शैलीका घरको नमुना स्वीकृत गरी सोहि नमुना वमोजिमको घर निर्माण गर्नेलाई कोष खडा गरी आर्थिक सहयोग प्रदान गरिनेछ। टोखा साँस्कृतिक संरक्षित क्षेत्र विकास समिति लाई समय सापेक्ष पुनर्गठन गरी थप व्यवस्थित वनाइनेछ।

७३ साँस्कृतिक संरक्षित क्षेत्रको गुरुयोजना र कार्यविधिलाई समयानुकूल बनाई सोही अनुसार विकास निर्माण एवम् निजी आवास निर्माण गर्न प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## च . खानेपानी तथा सरसफाई

७४ काठमाडौँ उपत्यका खानेपानी लिमिटेडसंग समन्वय गरि मेलम्ची खानेपानी आयोजनाको पाईपलाईनलाई सबै वडाहरूमा वितरण गर्न पहल गरिनेछ।

७५ नगरपालिकाभित्र खानेपानी आयोजनाको विस्तार, मर्मत तथा निर्माणको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेडसंग सहकार्य गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

७६ विभिन्न निकायहरूसंगको समन्वयमा नगरपालिका भित्रका उपयुक्त स्थानहरूमा खानेपानी ट्याङ्की निर्माण गरिनेछ।

७७ नगर क्षेत्रभित्र भएका सबै पानीका स्रोतहरूको पहिचान र संरक्षण गरी उपभोगमा ल्याइनेछ।

७८ नगर क्षेत्रभित्रको उपयुक्त स्थानमा डिपवोरिङ गर्ने कार्य संचालन गरिनेछ । खानेपानीको शुद्धता मापदण्ड वमोजिम भए/नभएको विषयमा खानेपानीको गुणस्तर परिक्षण गरिनेछ।

७९ नगरपालिकाभित्र उपयुक्त स्थान पहिचान गरी फोहोरमैला प्रशोधन केन्द्र स्थापना गरिनेछ। घरबाट नै कुहिने र नकुहिने फोहोर छुट्याउने व्यवस्था मिलाइनेछ।

८० ऐतिहासिक मैजुहिटी धारालाई पुन: संचालनमा ल्याइनेछ।

८१ प्रत्येक महिनाको २ पटक जनप्रतिनिधि,कर्मचारी र नागरिक सहभागितामा नगर क्षेत्रभित्रका नदी तथा सार्वजनिक स्थलहरूको सरसफाई अभियान संचालन गरिनेछ।

८२ नगरपालिका र नागरिकसँगको लागत साझेदारीमा फोहोर वर्गीकरणको लागि प्रत्येक घरमा डस्टविन वितरण गरि उपयोगलाई अनिवार्य गरिनेछ । कुहिने र

नकुहिने फोहोरलाई वर्गीकरण गर्ने नगरवासीलाई हरियो कार्ड दिई नगरपालिकाबाट प्रदान गरिने सेवामा छुट दिने नीति लिइनेछ।

८३ फोहोरमैला व्यवस्थापनलाई नगरपालिकाले उच्च प्राथमिकता दिई नतिजामूलक ढंगले कार्यक्रम संचालन गरिनेछ।

८४ कुहिने र नकुहिने फोहोर फरक फरक दिनमा संकलन गर्ने व्यवस्था मिलाइनेछ। संकलन गरिएको फोहोरलाई निजी क्षेत्र तथा NGO संग सम्झौता गरी प्रशोधन गर्नका लागि उपयुक्त मोडेल अपनाइनेछ।

८५ हरेक पसल तथा व्यावसायीहरूले आफ्नो पसल व्यावसाय अगाडि अनिवार्य डस्टवीन राख्ने व्यवस्था मिलाइनेछ। सार्वजनिक स्थानहरूमा नगरपालिकाको नाम अंकित डस्टवीन राखिनेछ।

८६ नगर क्षेत्रभित्र रहेका सरकारी निकाय, निजी/गैरसरकारी संस्थाहरूसंग समन्वय गरी सार्वजनिक सौचालय संचालन गराइनेछ। नगरपालिकाका विभिन्न स्थानहरूमा घुम्ति सौचालय स्थापना गरिनेछ।

८७ व्यावसायिक भवन, पसल, शिक्षालय, अस्पताल, उद्योगबाट निस्कने फोहोरको वर्गीकरण सम्वन्धित पक्षले नै अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ।

८८ नगरपालिकाबाट निर्माण भएका / हुने पार्कहरूमा पानी पुर्नभरण पोखरी निर्माण गरिनेछ।

८९ नयाँ निर्माण हुने घरको नक्सापास गर्दा पानी पुर्नभरण स्थलको व्यवस्था अनिवार्य गराइनेछ। आकासे पानी संकलनलाई प्रोत्साहन गर्न प्रत्येक घरधनीलाई पानी संकलन स्थल वनाउन आर्थिक सहायता उपलव्ध गराइनेछ।

## छ. गैर सरकारी संस्था

९० नगरपालिकाको आवश्यकताको आधारमा गैह्र सरकारकी संस्थाहरुलाई कार्यक्रम संचालन गर्न अनुमति दिइनेछ। संचालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ।

## ३. पूर्वाधार विकास

### क. भवन तथा शहरी विकास

९१ नगर गौरवका आयोजनाहरू पहिचान गरी कार्यान्वयन गरिनेछ ।

९२ राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्डको पूर्ण रुपमा पालना गराइनेछ । भवन निर्माण प्रारम्भ हुनु अघि  निर्माणस्थलमा अनिवार्य रुपमा प्रस्तावित भवनको नक्सा र विवरण सहितको वोर्ड राख्नुपर्ने व्यवस्था गरिनेछ ।

९३ नगरपालिकाका सबै घरहरूमा Metric Street Addressing System बाट घर नम्बर वितरण कार्य अगाडि वढाइनेछ ।

९४ तोकिएको मापदण्ड अनुसार न्युनतम भन्दा वढी खुल्ला क्षेत्र राखी नगरपालिकाको शहरी क्षेत्रमा घर निर्माण गर्न े व्यक्तिलाई प्रोत्साहन गरिनेछ । मौलिक संस्कृति झल्कने गरी कलात्मक ढंगबाट भवन निर्माण भएमा नक्सापासमा विशेष छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९५ घर नक्सापास प्रक्रियामा विद्युतीय भवन अनुमति प्रणाली (EBPS) पूर्ण  रुपमा लागू गरिनेछ । नक्सापास विना निर्माण भएका घरहरूलाई करको दायरामा ल्याइनेछ ।

९६ नगर क्षेत्रमा निर्माण हुने व्यावसायिक भवनहरूलाई अपाङ्गमैत्री तथा Underground Parking निर्माण  गर्ने गरी मात्र  निर्माण ईजाजत दिइनेछ ।

९७ नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरूको लगत संकलन गरी रेखाङ्कन, सीमाङ्कन होडिङ वोर्ड राखी संरक्षण गरिनेछ ।

९८ सार्वजनिक जग्गामा वनेका सबै संरचनाहरू (सामुदायिक भवनहरू आदि) नगरपालिकाको स्वामित्वमा ल्याई संरक्षण सहित आवश्यकताको आधारमा प्रयोग गरिनेछ ।

९९ जग्गा खण्डीकरणलाई व्यवस्थित गराउन संघीय एवम् प्रदेश सरकारको नीति अनुसार मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०० अव्यवस्थित वसोवासीहरूको उचित व्यवस्थापन, भुमिहिन दलित तथा सुकुम्वासीलाई जग्गा उपलव्ध गराउन सम्वन्धित निकायसंग पहल गरिनेछ।

**१०१** आवश्यकतानुसार नगर पूर्वाधार विशेष कार्यक्रम संचालन गरिनेछ।

१०२ असल पूर्वाधार निर्माण अभ्यास (Good Infrastructure Construction Practice) प्रवर्द्धनको लागि प्राविधिक चेतनामूलक कार्यक्रमहरू आयोजना गरिनेछ।

१०३ ठेक्का मार्फत संचालन हुने आयोजनाहरू भाद्र मसान्त भित्र ठेक्का सूचना प्रकाशन गर्ने, सम्पूर्ण आयोजना तथा कार्यक्रमहरूको सम्झौता मंसिर मसान्त भित्र सम्पन्न गर्ने गरी कार्यक्रम कार्यान्वयन योजना तर्जुमा गरी कडाईका साथ लागु गरिनेछ।

१०४ टोखा नगरपालिका क्षेत्रभित्र रहेका श्रमिकहरूको पहिचानका लागि लगत संकलन गरी आवश्यकताका आधारका श्रममूलक प्रविधिमैत्री तालिम संचालन गरी व्यवस्थित गराइनेछ।

**१०५** निर्माण कार्यको गुणस्तर परीक्षणको लागि प्रयोगशाला स्थापना गरिनेछ।

### ग ऊर्जा

१०६ मेयर उज्यालो कार्यक्रमलाई निरन्तरता दिदै सार्बजनिक चोक, मठ-मन्दिर, बिद्यालय, वडा कार्यालय लगायत सबै सार्वजनिक स्थानहरूमा सडक बत्ती जडान गरिनेछ।

१०७ नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम र दुरसञ्चार सेवा प्रदायक संस्था सँगको सहकार्यमा नगरपालिकाको सबै क्षेत्रभित्र विद्युतीय तार, ईन्टरनेटका तारहरू भूमिगत गराइनेछ।

१०८ नगर क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैलाबाट उर्जा उत्पादन कार्यको लागि संभाव्यता अध्ययन गरिनेछ।

### घ. सडक तथा पुल

१०९ आवधिक योजना निर्माण सम्पन्न गरी सोको आधारमा मध्यमकालीन खर्च संरचना निर्माण गरी सोहि अनुसार कार्यक्रम संचालन गरिनेछ । क्षेत्रगत आवश्यकताको पहिचानको आधारमा लागत अनुमान तयार गरी योजना वैंक निर्माण गरिनेछ ।

११० आगामी आ.व. २०७९/८० भित्र नगरपालिकाको प्रशासनिक भवन, वडा नं. २ र ६ को वडा कार्यालय भवन निर्माण सम्पन्न गरिनेछ ।

१११ नगरपालिकाको प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम, वहुवर्षीय, अधुरा र क्रमागत योजनाहरूमा बजेट विनियोजन सुनिश्चित गरेपछि मात्र अन्य योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

११२ नगरपालिकामा माग पेश भएका योजनाहरूमध्ये तत्काल उपलव्ध श्रोतले धान्न नसक्ने योजनाहरूलाई योजना बैंकमा समावेश गर्दै श्रोतको उपलव्धताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

११३ सडक निर्माण गर्दा फुटपाथ, हरियाली सहितको अपाङ्गमैत्री सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ । समथर भु-भागमा सडक ढलानको सट्टा कालोपत्रेलाई प्राथमिकता दिइनेछ ।

११४ जनसहभागितामा आधारित विकास निर्माणलाई महत्व दिदै समपुरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

११५ दुइ वा दुइ भन्दा वढी स्थानीय तहको साझेदारीमा संचालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरूलाई विशेष जोड दिइनेछ । यसको लागि समपुरक कोषबाट व्यवस्था गरिने छ ।

११६ टोल विकास संस्था/ उपभोक्ता समितिले गरेको नमुना कार्य अर्को टोल विकास संस्था/ उपभोक्ता समितिलाई अवलोकन गराई अनुभवको आदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११७ नगरपालिका क्षेत्रभित्र रहेका राजकूलो, गोरेटो वाटो, खोल्सी, खोला, नदी किनारमा करिडोर निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११८ नगरपालिकाभित्र रहेका सडक /टोल/ बस्तीहरूको नामाकरण ऐतिहासिक, सांस्कृतिक, पौराणिक नामको आधारमा गर्ने कार्यलाई निरन्तर रुपमा अगाडि बढाइनेछ ।

११९ नगरपालिका भित्रका सडकहरूमा सडक सुरक्षा चिन्ह (जेव्रा क्रसिङ, लेन छुट्याउने, ट्राफिक संकेत, स्थान पहिचान संकेत आदि) राखिनेछ।

१२० कूल वार्षिक पूँजीगत बजेटको शत प्रतिशत खर्च हुनेगरी कार्य सम्पादन गरिनेछ।

१२१ सडक यातायात गुरुयोजना तयार गरी गुरुयोजनाले तोकेको सडकको क्षेत्राधिकार अनुसार नक्सापास गरिनेछ।

१२२ मर्मत तथा सम्भार ईकाईको स्थापना गरी आवश्यक उपकरण, सामग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ।

१२३ आयोजना कार्यान्वियनलाई प्रभावकारी वनाउन नगर प्रमुख,उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले १५/१५ दिनमा पुर्वाधार शाखा प्रमुखसंग र वडा अध्यक्षले सम्वन्धित वडामा तोकिएको ईन्जिनियर मार्फत आयोजना कार्यान्वियन प्रगति विवरण लिई सुधारको लागि निर्देशन दिने व्यवस्था कार्यान्वियनमा ल्याईनेछ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन

१२४ Bio Diversity Profile तयार गरिनेछ।

१२५ प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गरिनेछ।

१२६ विपद् सम्बन्धी सचेतना, सीप तथा क्षमता विकास र नमूना अभ्यास कार्यक्रम संचालन गरिनेछ । विपद् व्यवस्थापन सामाग्री खरिद, उचित भण्डारण र आवश्यकता अनुसार परिचालन गर्दै नगरस्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माण गरिनेछ ।

१२७ विपद जोखिम क्षेत्रहरू पहिचान तथा नक्साङ्कन गरी जोखिम न्यूनीकरणका कार्यक्रमहरू संचालन गरिनेछ। एक वडा एक Quick Response Team तयार

गरिनेछ । **एक वडा एक विपद सुरक्षित स्थल** किटान गरी आवश्यक पूर्वाधारहरू विकास गरिनेछ ।

१२८ नगरका साँघुरा सडकहरूमा रहेका बस्तीहरूमा आगलागीजन्य विपद्लाई व्यवस्थापन गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेडसंग समन्वय गरी खानेपानी पाईपलाईनहरूमा आगलागी नियन्त्रण यन्त्र जडान गरिनेछ ।

१२९ शहरको सुन्दरता अभिवृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न GREEN AND CLEAN TOKHA अभियान अन्तर्गत पार्क निर्माण र वृक्षारोपण गरिनेछ ।

१३० वातावरण संरक्षणको कार्यक्रममा टोल विकास संस्था, नागरिक, नीजि क्षेत्र तथा गैरसरकारी क्षेत्रको सहभागिता गराइनेछ ।

१३१ प्लाष्टिकजन्य वस्तुको प्रयोग न्यूनिकरण गर्दै प्लाष्टिकको झोलाको सट्टामा कपडाको झोलाको प्रयोग गर्ने अभियान संचालन गरिनेछ ।

१३२ **एक वडा एक उद्यान** नीतिलाई निरन्तरता दिइनेछ ।

१३३ आकाशेपानी संकलनको लागि जल पुनर्भरण प्रणाली (Water Recharge System) को निर्माण र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१३४ सडक अतिक्रमण गरी सडक तथा सडक पेटीमा ठेलागाडा, रिक्सा, निर्माण सामाग्री राख्ने कार्यलाई निरुत्साहित गरिनेछ । अटेरी गर्नेलाई दण्डित गरिनेछ ।

१३५ जोखिम संवेदनशिल भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१३६ जलवायु परिवर्तन र वातावरण प्रदुषण न्यूनिकरण सम्बन्धी कार्यक्रम कार्यान्वय गरिनेछ ।

१३७ वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार पूरा गरी वातावरणमैत्री स्थानीय तह घोषणा गरिनेछ ।

## ५. संस्थागत विकास तथा सुशासन

### क. मानव संसाधन विकास तथा सेवा प्रवाह

१३८ कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड (SOP) तयार गरी लागू गरिनेछ ।

१३९ नगरपालिका तथा अन्तर्गतका सबै कार्यालयहरूमा डिजिटल सूचना पाटी तथा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ।

१४० आवश्यकता अनुसार घुम्ति सेवाको प्रयोग मार्फत सेवा प्रवाह गरिनेछ। घटना घटेको ३५ दिनभित्र अनिवार्य घटना दर्ता गर्न नागरिकलाई सुसूचित गराइनेछ।

१४१ नगरपालिकाको बिद्यमान संगठन संरचनालाई कार्य वोझको आधारमा पुनरावलोकन गरिनेछ।

१४२ प्रत्येक कर्मचारीलाई काम, कर्तव्य, अधिकार र जिम्मेवारी सहितको कार्य विवरण उपलव्ध गराई कर्मचारीहरूसंग कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीको विकास गरी कार्य सम्पादन मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

१४३ आ.व.२०७९/८० भित्र कार्यालय भवन निर्माण सम्पन्न गरी नगरपालिकाको भवनबाटै सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

१४४ नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ। नीजि संस्थामा कार्यरत कर्मचारीहरूलाई समेत सामाजिक सुरक्षाकोषमा आवद्ध गराउन प्रोत्साहन गरिनेछ।

१४५ आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै कर्मचारीको क्षमता अभिवृद्धिको लागि नगरसेवक कर्मचारीहरूलाई वर्षमा १० दिन पर्यटन काजमा पठाउने व्यवस्था मिलाइनेछ।

१४६ राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरूसंग नगरपालिकाको भगिनी सम्वन्ध कायम गर्ने कार्यलाई निरन्तरता दिइनेछ। भगिनी सम्वन्ध स्थापित भएका तथा हुने क्रममा रहेका शहरहरूसंग असल अभ्यास आदान प्रदान गर्ने तथा साझेदारीमा कार्यक्रमहरू संचालन गरिनेछ।

१४७ नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा जनगुनासोलाई सम्वोधन गर्न सुझाव पेटीका राखी नियमित खोल्ने व्यवस्था गरी यथासक्य छिटो जनगुनासोको सम्वोधन गरिनेछ।

१४८ नगरका गतिविधीहरू नगरवासी समक्ष पुर्याउन चौमासिक रुपमा **नगर वुलेटिन** प्रकाशन गरिनेछ।

१४९ नगरपालिका कार्यालय तथा वडा कार्यालयहरूको योजना, कार्यक्रमहरूको प्रगति एवम् भावी कार्ययोजनाको वारेमा नगरवासीहरूलाई जानकारीको लागि चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ।

१५० नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट प्रदान गरिने सेवाको सन्दर्भमा नियमित रुपमा **नागरिक सन्तुष्टी सर्भेक्षण** गरिनेछ । नगरपालिका तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा सोधपुछ तथा सहायता कक्ष स्थापना गरिनेछ।

१५१ टोखा नगरभित्र वसोवास गर्ने विभिन्न विधामा ज्ञान, सीप, दक्षता, अनुभव भएका व्यक्तिहरूको विषय क्षेत्रगत रोष्टर तयार गरी उनीहरूको ज्ञान, सीप, दक्षता, अनुभवलाई नगरको हितमा प्रयोग गरिनेछ।

१५२ संघ तथा प्रदेश अन्तर्गतका निकायहरू तथा अन्य स्थानीय तहहरूसंग समन्वय, सहकार्य गर्दै कार्य गरिनेछ।

१५३ प्रत्येक वर्ष नगरपालिका स्थापना भएको दिन मंसिर १६ मा नगर दिवस मनाइनेछ।

१५४ नगरपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास गर्न तालिम कार्यक्रम संचालन गरिनेछ।

१५५ दिगो विकास लक्ष्यहरूको स्थानीयकरणको लागि कार्यक्रम संचालन गरिनेछ।

## ६. वित्तिय सुशासन

### क. अन्तिम लेखापरीक्षण तथा वेरुजु

१५६ आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१५७ आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गरिनेछ।

१५८ अघिल्ला आ.व. हरूको वेरुजुमध्ये नियमित गर्नुपर्नेलाई नियमित गरी असुल उपर गर्नुपर्ने खालको वेरुजु रकम सम्वन्धित व्यक्ति तथा संघसंस्थाहरूसंग नियमानुसार

असुल  गरिनेछ। अन्तिम लेखापरीक्षणले औल्याउने वेरुजु रकम कूल खर्चको १ प्रतिशत भन्दा कम रहने गरी आर्थिक कारोवार तथा सोको लेखाङ्कन गरिनेछ।

१५९ तोकिएको समयमा नै पेश्की तथा वेरुजु फछर्यौट नगरेमा भुक्तानी हुन वाँकी रकम पारिश्रमिक, तलव ,भत्ता समेत रोक्का गरी असुल उपर गरिनेछ।

१६० आर्थिक कारोवारका सबै गतिविधिहरूमा स्वच्छता, जवाफदेहीता र प्रतिस्पर्धा कायम गरिनेछ।

## ख. लेखाकंन तथा राजस्व परिचालन

१६१ नेपाल सरकारबाट स्वीकृत SuTRA को प्रभावकारी  र पूर्ण कार्यान्वयन गरिनेछ ।

१६२ सबै प्रकारका भुक्तानीहरू बैंकिङ प्रणालीबाट गरिनेछ।

१६३ कर तथा शुल्क दस्तुरलाई समय सापेक्ष, कर संकलन प्रणालीलाई थप प्रविधिमैत्री प्रगतिशिल र समन्यायिक वनाइनेछ।

१६४ संचित कोषमा संकलित राजस्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पूर्ण मितव्ययिता अपनाई नगरवासीको उच्चतम् हितमा प्रयोग गरिनेछ।

१६५ राजस्व सङ्कलन तथा करदाताको अभिलेख व्यवस्थित वनाउदै लगिनेछ। कर तिर्ने तथा नतिर्नेहरूको विवरण सार्वजनिक गरिनेछ।

१६६ नगर क्षेत्रभित्र रहेका ठूला करदाताहरूबाट हाल सम्म उठ्न वाँकी वक्यौता कर उठाइनेछ। सबैभन्दा वढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ।

१६७ स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुने नगरपालिकामा सम्पतिकर तिर्ने करदाताहरूलाई बीमा शुल्कमा १० प्रतिशत अनुदान उपलव्ध गराइनेछ।

१६८ **राजस्व सप्ताह अभियान** संचालन गरी करदाताहरूलाई कर प्रशासनका वारेमा जानकारी गराई करमैत्री वातावरणको व्यवस्था मिलाइनेछ।

## ग . वित्तीय सुशासन तथा जोखिम न्यूनिकरण

१६९ अनावश्यक खर्च नियन्त्रण गरी सार्वजनिक श्रोतको उपयोगमा मितव्ययीताको नीति अवलम्वन गरिनेछ।

१७० खरिद प्रकृयामा सार्वजनिक खरिद कानूनको पूर्ण पालना गरिनेछ।

१७१ आर्थिक कार्यप्रणालीलाई थप चुस्त र दुरुस्त वनाई वित्तीय सुशासन कायम गरिनेछ । आन्तरिक नियन्त्रण प्रणाली पारित गरी लागू गरिनेछ । आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई प्रभावकारी वनाइनेछ।

१७२ आर्थिक क्रियाकलापहरूको मासिक, चौमासिक र वार्षिक विवरणहरू सूचनापाटी, Website तथा संचारका माध्यमहरूबाट सार्वजनिक गरिनेछ ।

१७३ नगरपालिकामा रहने विभिन्न कोषहरूको सञ्चालनको कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## ङ . सार्वजनिक सुनुवाई

१७४ चौमासिक रुपमा सार्वजनिक सुनुवाईको आयोजना गरी जनगुनासोको यथाशिघ्र सम्वोधन गर्ने कार्यलाई प्रभावकारी वनाइनेछ ।

१७५ गुनासो अभिलेख, उजुरी पेटीका, सुझाव पेटीका व्यवस्थित गरिनेछ।

१७६ सामाजिक लेखापरीक्षण गरिनेछ।

## ख. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन

**१७७** नगरपालिकाका हरेक काम कार्वाहि बिद्युतीय संचार माध्यमको प्रयोग गरी न्यून कागज प्रयोग (lesspaper) गर्दै लगिनेछ।

**१७८** राजस्व तिर्ने व्यवस्थालाई Online प्रणालीमा आवद्ध गराउने व्यवस्था मिलाइनेछ।

१७९ नगरपालिकाका सार्वजनिक जग्गा, सार्बजनिक सम्पति, घर-नक्सा पास, व्यक्तिगत घटना दर्ता, निर्णयहरू लगायत सबै किसिमका अभिलेखहरूको digitalization गरिनेछ।

**१८०** नगरपालिकाबाट सूचना प्रविधिको प्रयोग मार्फत प्रदान गरिने सेवा प्राप्त गर्ने प्रकृयाको वारेमा नगरवासीलाई जानकारी गराइनेछ । नगरपालिका कार्यालय

परिसर, वडा कार्यालयहरू र महत्वपूर्ण स्थानहरूमा Free Wi-Fi को प्रवन्ध मिलाइनेछ ।

### ग. सुरक्षा व्यवस्थापन

१८१ **जनता सुरक्षा कार्यक्रम** अन्तर्गत नगरका मुख्य-मुख्य स्थानहरूमा नगरपालिका, वडा कार्यालय वा प्रहरीसंग नियन्त्रण कक्ष रहने गरी सिसिटीभी जडान लाई निरन्तरता दिइनेछ ।

१८२ स्थानीयस्तरमा घट्न सक्ने आपराधिक घटना नियन्त्रणका लागि स्थानीयवासीमा सचेतना वढाई नेपाल प्रहरीसंग सूचना आदान प्रदान गरिनेछ ।

१८३ नगरपालिका क्षेत्रभित्र रहेका टोलहरूमा **सुरक्षा साईरन** जडान कार्यको लागि स्थानीयवासीहरूसँगको लागत साझेदारीमा नगरपालिकाको ५० र स्थानीयवासीको ५० प्रतिशत लागत सहभागिता हुनेगरी सुरक्षा साईरन जडानको व्यवस्था मिलाइनेछ ।

१८४ नगरपालिकाभित्रका बढी घनत्व हुने सडकहरूमा ट्राफिक प्रहरीको समन्वयमा ट्राफिक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१८५ नगरपालिकाको भौतिक सम्पति सुरक्षाका लागि नगर प्रहरी परिचालन गरिनेछ ।

### घ. न्याय सम्पादन

१८६ न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गरिनेछ । आर्थिक रुपले विपन्न नागरिकहरूको लागि निःशुल्क कानुनी सहायता तथा परामर्शको व्यवस्था गरिनेछ ।

१८७ सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गरिनेछ ।

**१८८** सबै वडा कार्यालयहरूमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापकर्ताहरूको सूचि तयार गरी सूचिकृत मेलमिलापकर्ताबाट मात्र मिलापत्र गराइनेछ । नगरस्तरीय मेलमिलाप कर्ता संजाल निर्माण गरी नियमित छलफल गरिनेछ ।

१८९ कानूनी साक्षरता कार्यक्रम संचालन गरिनेछ । मेलमिलापकर्ताहरूलाई Advanced Training संचालन गरिनेछ।

१९० प्रत्येक आर्थिक वर्षको अन्त्य सम्म उजुरी फछ्र्यौट दर शत प्रतिशत हुनेगरी कार्यसम्पादन गरिनेछ।

१९१ माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आगामी आ.व.मा २ अर्व ११ करोड ५६ लाख ७ हजार को अनुमानित आय व्यय हुने प्रक्षेपण गरिएको छ। चालु आ.व. मा सम्झौता भई आ.व. को अन्त्य सम्म कार्यसम्पन्न हुन नसक्ने योजना तथा कार्यक्रमहरूलाई क्रमागत रुपमा निरन्तरता दिईनेछ।

१९२ अन्तमा, यस गरिमामय सभामा प्रस्तावित नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात् नगरको आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन तथा संस्थागत विकास तथा सेवा प्रवाहको क्षेत्रमा उल्लेख्य सुधार भई सामाजिक न्याय स्थापित हुने र नागरिकको जीवनस्तरमा सुधार हुने विश्वास लिएको छु। हामीले प्राप्त गरेको उपलव्धीहरूलाई संस्थागत गर्दै जनताको विकासका चाहना पुरा गरी **"ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय, समृद्ध टोखा नगर"** निर्माणमा प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट लक्ष्य हासिल हुने अपेक्षा गरेको छु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै क्षेत्र, संघ /संस्था तथा नागरिक समाजबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै राजनैतिक दल, नगरसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायीक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसंचार लगायत सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाईहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

आषाढ १०, २०७९